**CDC Journal, Year 32, No. 46, December 2024, DOI: https://doi.org/10.3126/cdj.v32i46.77048**
**Received Date: September 29, 2024 Accepted Date: December 31, 2024**

# कार्लो रोसी कथामा पारराष्ट्रिय चेतना

**नेत्रमणि सुवेदी**
*त्रि.वि. केन्द्रीय क्याम्पस, कीर्तिपुर, काठमाडौँ*
*Orcid ID: https://orcid.org/0009-006-6220-2427*
***Corresponding Email:*** *atomnetra@gmail.com*

## लेखसार

*प्रस्तुत लेखमा कथाकार राजवको 'कार्लो रोसी' कथामा प्रयुक्त पारराष्ट्रिय चेतनाका विभिन्न पक्षहरूको विश्लेषण गरी उक्त कथाको मूल्याङ्कन भएको छ । पारराष्ट्रिय चेतना भनेको आर्थिक, राजनीतिक र सांस्कृतिक दृष्टिकोणले राष्ट्रिय सीमाहरू पार गरेर विस्तारित हुनुपर्छ भन्ने पात्रको सचेत प्रक्रिया हो । 'कार्लो रोसी' कथामा अमेरिकाको नागरिकता लिएर आफ्नो मौलिक भूगोल, संस्कृति र आर्थिक अवस्थाको पृथकताका साथ राष्ट्रियतामा समेत परिवर्तन गर्ने पात्रहरूमार्फत अभिव्यञ्जित पारराष्ट्रिय चेतनाका विभिन्न आयामहरूको अन्तर्सम्बन्धबाट उक्त कथाका पात्रहरूका जीवनचिन्तनमा देखिएका असङ्गतिले उत्पन्न गरेका समस्या र अवसरहरूको निरूपण गर्नु यस लेखको उद्देश्य हो । यसमा पारराष्ट्रिय चेतनाको विश्लेषणका निम्ति मूल रूपमा पारराष्ट्रियताका अध्येताहरू पोर्टेस (सन् १९९९) र भर्टोभेक (सन् २००९) ले स्थापना गरेका पारराष्ट्रिय चेतनाका भौगोलिक, राजनीतिक, आर्थिक एवम् पहिचानगत पक्षहरूबिचका अन्तरक्रियाबाट प्राप्त आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधि प्रयोग गरिएको छ । यसमा कथाका पात्रहरूमा भौगोलिक भिन्नता, पृथक् परिचयको लक्ष्य र सांस्कृतिक सङ्क्रमणका कारण सिर्जित कठिन परिस्थिति र त्यस आधारमा गरिने निर्णयले उत्पन्न गर्ने देशीय र परदेशीय प्रभावको मूल्याङ्कन भएको छ । 'कार्लो रोसी' कथामा नेपालबाट अमेरिका गई त्यहीँको नागरिकता लिएर वसोवास गर्ने पात्रहरूको परिचयमा भूगोल र सांस्कृतिक भिन्नताका कारण वैवाहिक सम्बन्धमा सांस्कृतिक रूपले रूपान्तरित निर्णय गर्न नसकी आफ्नो नवीन परिचयप्रति नै आशङ्का र अस्वीकार्यताका कारण कार्लो रोसीको पारिवारिक जीवन नै अस्तव्यस्त हुन पुगेको हुँदा पारराष्ट्रियय चेतना कलात्मक रूपमा प्रकट भएको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जीः*** डायस्पोरिक चेतना, परिचय, बसाइँसराइ, भौगोलिक भिन्नता, स्थानिकता, सांस्कृतिक सम्मिलन ।

## विषयपरिचय

प्रस्तुत अध्ययन राजव (जनार्दन पुडासैनी) को 'कार्लो रोसी' कथाका पात्रहरूमा पाइने पारराष्ट्रिय चेतनाका विषयमा केन्द्रित रहेको छ । पारराष्ट्रिय चेतना (ट्रान्सनेसनल कन्सससनेस) को अर्थ विश्वव्यापीकरणको परिवेशमा अर्को देशमा बसाइँसराइ गरेका आप्रवासीहरूले बहुसांस्कृतिक प्रवाहका क्रममा गर्ने विशेष अनुभूति हो । यसले विभिन्न राष्ट्रहरूसँग व्यक्ति वा समूहको अनासक्ति वा आफ्नो राष्ट्रको सीमारेखा नाघेर अर्को राष्ट्रलाई अवलम्बन गर्नुलाई बुझाउँछ । नेपाली लेखकहरूले पनि नेपालबाहिरका देशहरूमा स्थापित हुने र त्यस स्थानमा स्थापित हुन डायस्पोरिक नेपाली समुदायका पात्रले गर्ने सङ्घर्षयात्रा तथा नवीन परिचयग्रहणको पद्धतिलाई अभिव्यक्ति दिँदै आएका छन् । राजव सन् २००२ मा नेपालबाट अमेरिका बसाइँ सरेर म्यासाचुसेट्स राज्यमा बस्दै आएका छन् र त्यहाँका नेपालीहरूले भोग्दै आएका सफलता, असफलता र परिचय परिवर्तनका कथा लेख्दै आएका छन् (रायमाझी, २०७७) । यस्तो सङ्कट वयःसन्धिको अवस्थामा सामान्य भए पनि मानिस एउटा स्थानबाट सरेर अर्को स्थानमा बस्दा पनि हुन सक्छ । भूगोलको भिन्नता, सांस्कृतिक बेमेल, मूल्यहरूको समायोजनमा कमी आदि कारणले व्यक्तिमा वास्तविकता र चाहनाका बिच अन्तर्सङ्घर्ष बढ्दै जाँदा उसले परिचयसङ्कटको सामना गर्नुपर्छ । यसको सम्बन्ध उसले लिने निर्णयहरूसँग हुन्छ त्यसमा उसले दुविधाको सामना गर्नुपर्छ । आफ्नो भूमि छोडेर अर्को भूमिमा बसेको व्यक्तिले विभिन्न प्रकारका भिन्नताका कारण बिरानोपनको अनुभूति गर्नु र आफ्नो परिचयमै शङ्का गर्नुपर्ने यस्तो अवस्था साहित्यिक कृतिमा पनि पाइन्छ । विशेष गरी पराइ भूमिमा डायस्पोराका रूपमा स्थापित हुँदा कृतिका पात्रले परिचयसङ्कटको सामना गर्छन् । एउटै भूमिमा भए पनि सम्बन्धमा मूल्यको भिन्नताले गर्दा वा पेसा रोज्दा आउने दबाबका कारण पनि पात्रमा यस्तो मनोवैज्ञानिक सङ्कट देखा पर्छ । यसले गर्दा ऊ आफ्नो सहज मानसिक सन्तुलन कायम गर्न गलत निर्णय लिने र लागुपदार्थमा लाग्ने प्रकृतिको पनि हुन सक्छ । त्यसैले परिचयसङ्कटलाई कथाका पात्रका चिन्तन, व्यवहार, निर्णय, उपेक्षा र समस्यालाई उद्घाटन गर्नका निम्ति समालोचनामा उपयोग गर्न सकिन्छ ।

नेपाली कथाका क्षेत्रमा स्थापित राजव (२०११) को 'कार्लो रोसी' कथा *क्यापिटल हिल* (२०६५) कथासङ्ग्रहमा सङ्कलित छ । २०३२ सालको *विदेह* पत्रिकामा 'रोलर' को प्रकाशनबाट आफ्नो कथायात्रा थालेका राजवका *समयपीडा* (२०४५), *इतर जिल्लावासी* (२०५०), *कङ्गन खित्का* (२०५५), *क्यापिटल हिल* (२०६५), *कमरेड ड्राइभर* (२०६९) र *पाई* (२०७५) गरी छ ओटा कथाकृति प्रकाशित छन् । 'कार्लो रोसी' कथामा अमेरिकामा कार्लो रोसी नाम राखेर त्यहींको नागरिकता लिएको नेपाली पात्र काशीनाथ जोशी तथा अन्य पात्रहरूले अनुभूत गरेको पारराष्ट्रिय चेतनाको अभिव्यक्त भएको छ । यस कथालाई एटम (२०६८) ले डायस्पोरिक लेखनमा पारदेशीय हुनुको रोमाञ्च र चिन्ताअन्तर्गत राखेर कार्लो रोसीको राष्ट्रियता स्थानान्तरण भए पनि मानसिकता भने परम्परागत नै रहेको रूपमा मूल्याङ्कन गरेका छन् भने ढकाल (२०६८) ले यस कथालाई डायस्पोरिक आधारमा विश्लेषण गर्दा पारदेशीय हुनुको रोमाञ्च र चिन्ता उपशीर्षकमै कार्लो रोसी पूर्ण रूपमा अमेरिकी हुन खोजेर पनि हुन नसकिरहेको अवस्था देखाएकी छन् । उपर्युक्त पूर्वकार्यमा 'कार्लो रोसी' कथामा देश

नाघेर स्थापित हुँदाका मानसिक पक्षको सामान्य सङ्केत भए तापनि पारराष्ट्रिय चेतनाको विश्लेषण र निरूपण हुन भने सकेको छैन । अतः 'कार्लो रोसी' कथामा कुन कुन पात्रले कस्तो अवस्थामा कसरी पारराष्ट्रिय चेतना अभिव्यक्त गरेका छन् र त्यस चेतनाले पात्रहरूको जीवनलाई कस्तो मोडमा पुऱ्याएको छ भन्ने प्राज्ञिक जिज्ञासाहरू यस अनुसन्धानमा समस्याका रूपमा रहेका थिए । प्रस्तुत अध्ययनका निम्ति यिनै जिज्ञासाहरूले नै यस अनुसन्धानलाई प्रेरित गरेका हुन् । यस शोधकार्यलाई अघि बढाउनका निम्ति अनुसन्धाताले राजवको 'कार्लो रोसी' कथामा अमेरिकी नेपाली डायस्पोराका पात्रहरूले बहुराष्ट्रियताको मूल्यगत अवस्था स्पष्ट पारेर तिनले सामना गरेको सङ्कट र हासिल गरेको उपलब्धिको मूल्याङ्कन गरेको छ । यस अध्ययनबाट कथामा प्रयुक्त भिन्न भिन्न राष्ट्रिय सांस्कृतिक अनुभूतिका कारण जटिलतामा फसेका पात्रहरूको मनस्थिति र समस्या उद्घाटन गर्नका निम्ति एउटा नवीन अन्तरविषयक पद्धतिको खोजी हुने छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट राजवको 'कार्लो रोसी' कथामा प्रयुक्त पात्रहरू, तिनको पारराष्ट्रिय परिवेश, पूर्वसांस्कृतिक सम्बन्ध, जीवनको मूल्य एवम् परिचयलाई मूल्याङ्कन गर्ने पक्षहरूको साक्षीका रूपमा समाख्याताको वर्णन, पात्रहरूको संवाद, आत्मालाप, दृष्टान्त, बिम्ब, चिन्तन आदि प्राथमिक सामग्रीहरू सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्य र तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी राजवको 'कार्लो रोसी' कथाका पात्रले भोगेको पारराष्ट्रिय चेतनाका सिर्जनाका कारण, वास्तविक अवस्था एवम् तिनका परिणतिको उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र यसका निम्ति उत्तरऔपनिवेशिक र डायस्पोरिक समालोचनाको पारराष्ट्रियताको अवधारणाका आधारमा गुणात्मक शोधपद्धतिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई उपयुक्त तरिकाले निष्कर्षसम्म पुऱ्याइएको छ ।

### विश्लेषणको सैद्धान्तिक ढाँचा

पारराष्ट्रियता (ट्रान्सनेसन्यालिटी) को अर्थ व्यक्ति विश्वव्यापीकरणको एउटा हिस्सा हुनु हो । यसले आर्थिक, समाज-सांस्कृतिक र राजनीतिक रूपले व्यक्तिमा सिर्जना भएको उदार प्रकृतिको सीमापार क्रियाकलाप र अभ्यासलाई बुझाउँछ । यस प्रक्रियाले व्यक्तिलाई विभिन्न स्थान, नागरिकता, राष्ट्रियता, आकाङ्क्षाको परिवर्तन, दैनिन्दिन जीवनका परिकल्पना र निर्णयको चेतना तथा उसको परिचयमा त्यसले पारेको प्रभावलाई देखाउँछ । पारराष्ट्रिय चेतनालाई व्यक्तिको विदेशमा राष्ट्रिय परिचयतिर अभिमुख हुने समाज-सांस्कृतिक उद्यम अथवा सांस्कृतिक उत्सव र सरसामानबाट लिइने आनन्दका रूपमा लिइन्छ (पोर्टेस र अरू, सन् १९९९, पृ. २२१) । यसैले गर्दा पारराष्ट्रियतालाई

व्यक्तिहरूका बिच अन्तरराष्ट्रिय स्तरमा हुने सम्पर्क र अन्तरक्रियाको स्वरूप भनिएको हो । यसैका कारण डायस्पोरामा स्थापित हुने व्यक्तिले अन्य देशका मान्छेसित आफ्नो भिन्न सामाजिक जीवनको रचना गरेर आफूलाई त्यहाँ व्यवस्थिति गर्छ । पारराष्ट्रिय चेतनाकै आधारमा आप्रवासीले पारिवारिक, साङ्गठनिक, धार्मिक, राजनीतिक आदि बहुसम्बन्धहरू स्थापना गरेर अर्को देशमा आफ्नो मौलिक परिचय देखाउन सक्छ (सिलर र अरू, सन् १९९२, पृ. २) । अतः यसलाई भौगोलिक स्थानको सम्बद्धता, नागरिकताको प्राप्ति र अर्को देशससँग व्यक्तिमा जागृत हुने अपनत्वको संवेदना, सम्पत्ति र उपलब्धिका रूपमा लिन सकिन्छ । यस चेतनाले गर्दा नै व्यक्ति स्थानिकताको भावनालाई नाघेर अर्को सामाजिक अवस्थामा प्रवेश गरी बहुचिन्तनमा सहज रूपले अनुकूलन हुन सक्छ ।

पारराष्ट्रियतालाई प्राज्ञिक क्षेत्रमा प्रवेश गराउने व्यक्तिहरू रोबर्ट क्योहान र जोसेप न्ये हुन् जसले अन्तरराष्ट्रिय सम्बन्धको अध्ययनका क्रममा *ट्रान्सन्यासनल रिलेसन्ज यान्ड वोअल्ड पोलिटिक्स* (सन् १९७२) कृतिमा त्यसको विश्लेषण गरेका छन् । यसलाई साहित्यिक समालोचनाका निम्ति चाहिँ अमेरिकी समाजशास्त्रीहरू निना ग्लिक सिलर, लिन्डा बास र क्रिस्टिना ब्ल्याङ्क-स्यान्टोनले १९९० को दशकमा उपयोग गरेका हुन् । उनीहरूले 'ट्रान्सन्यासनलिजम् : अ न्यू अन्यालिटिक फ्रेमवर्क फर अन्डरस्ट्यान्डिङ माइग्रेसन' (सन् १९९२) शीर्षकको लेखमा पारराष्ट्रियता सिर्जनका कारक, तिनको प्रकार र परदेशमा व्यक्तिले गर्नुपर्ने सामाजिक सामञ्जस्यका बारेमा गहन विश्लेषण गरेका छन् । वास्तवमा पारराष्ट्रियताको प्रारम्भ नै व्यक्तिको भौगोलिक, राजनीतिक र सांस्कृतिक सीमाको अतिक्रमणबाट हुन्छ । भर्टोभेक (सन् २००९, पृ. ९२) ले पारराष्ट्रियता सिर्जना हुने छओटा सैद्धान्तिक आधारको परिचय दिएका छन् : (१) सामाजिक सञ्जालबाट सीमापार हुनु, (२) बहुपरिचय तथा आत्मसम्बद्धताको चेतना, (३) सांस्कृतिक सङ्करता, (४) प्रविधि वा सङ्गठनमार्फत राजनीतिक सीमापार संलग्नता, (५) पारराष्ट्रिय संस्थागत क्रियाकलाप र (६) देशातीत नवीन सामाजिक स्थानिकताको सिर्जना । अर्थपूर्ण र दीर्घकालीन देशीय सीमापारको सम्बन्ध र कार्यले उपर्युक्त सबै पक्षहरूलाई जोड्छ र सामाजिक संरचनममा पनि परिवर्तन ल्याउँछ । यस प्रकारको प्रक्रियालाई पोर्टेस (सन् १९९९, पृ. २१९) ले तीन तहबाट विश्लेषण गर्न सकिने निष्कर्ष दिएका छन् : (१) आप्रवासी र उसको घरदेशबाट परदेशमा संलग्नता, (२) अनिच्छाले नयाँ भूमिमा सक्रिय तथा समयक्रममा हुने स्थायित्व, र (३) अतिरिक्त परिचयको परिकल्पना एवम् स्थापना । यसरी पारराष्ट्रियताको स्वभाव मूल रूपमा रूपान्तरणकारी हुन्छ किनभने यसले दुवै परिचयबाट चुनौतीको सामना गरी एउटालाई रोज्नुपर्ने हुन्छ । यसमा व्यक्तिले नयाँ स्थानको सदस्यता सक्रियताका साथ स्विकार्छ तर भिन्नतालाई भने स्वीकार वा अस्वीकार जे पनि गर्न सक्छ । यस स्थितिमा उसले दोहोरो परिचय निर्माण गर्ने अवसर पनि पाउँछ । यसमा दुई प्रक्रियाले एकसाथ काम गरेका हुन्छन् जसमा एकातिर राष्ट्रप्रतिको भावनात्मक सम्बन्धका कारण महत्त्व दिइएको हुन्छ भने अर्कातिर सीमापारको आप्रवासनका कारण त्यो रूपमा पारराष्ट्रिय भइसकेको हुन्छ (वेस्टवुड र फिजाक्ली, सन् २०००, पृ. २) । यसरी दुईतिरको सम्बद्धताले व्यक्तिको जीवनपद्धति सर्वदेशीयसमेत बन्न पुग्छ । यसले गर्दा आफ्नै इतिहासबारे पुनर्विचार गर्ने र शक्तिको मातले अपराधमा संलग्न हुने अवस्था

आई आख्यान र इतिहासका बिचको सीमा पनि समाप्त हुन सक्छ (डिर्लिक, सन् २००२, पृ. २०९) । यसका कारण आफ्नो इतिहासलाई मनैबाट खारेज गररे व्यक्ति नयाँ जीवनानुभवमा प्रवेश गर्ने परिवेश पनि तयार हुन्छ । त्यसैले अमेरिकामा रहेका नेपाली डायस्पोराको सन्दर्भलाई दृष्टिगत गर्दा त्यहाँ नयाँ जीवनयापन गर्ने पारराष्ट्रिय नेपालीलाई सांस्कृतिक रिक्तताबाट बचाउन भाषिक अभिमुखीकरण र स्थानीय भौतिक विरासतको पहिचान गर्ने कार्यशाला नै राख्नुपर्ने सुझाव दिइएको छ (जोशी र अन्य, सन् २०२४, पृ. ६१) । यस प्रकार पारराष्ट्रिय चिन्तनलाई व्यक्तिको हितअनुरूप अनुकूलन र सन्तुलन गर्न सकिन्छ ।

प्रस्तुत अध्ययनमा राजवको 'कार्लो रोसी' कथामा प्रयुक्त अमेरिकी भूमिमा स्थापित नेपाली आप्रवासी कार्लो रोसीलगायत अन्य पात्रहरूले अनुभूत गरेको पारराष्ट्रियताको अवस्था विश्लेषण गर्न यहाँ उपर्युक्त विमर्शलाई उपयोग गरी विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ जसमा तीन ओटा उपकरणहरु रहेका छन् । पहिलो उपकरण भौगोलिक भिन्नता हो जसले पात्रको राष्ट्रियता कम्तीमा पनि दुई ओटा हुनु आवश्यक रहेको देखाउँछ, यसको दोस्रो उपकरण पृथक् परिचयको लक्ष्य हो जसमा पात्रको गतिको दिशालाई प्रस्ट पारिन्छ र यसको तेस्रो उपकरण सास्कृतिक सङ्क्रमणले पात्रको चिन्तन र व्यवहारको प्रदर्शनलाई वर्णन गर्छ । यिनै तीन आधारमा यहाँ उक्त कथामा प्रयुक्त पात्रहरूको भूमिका, परिचय र क्रियाकलापमा देखिने पारराष्ट्रिय अवस्थाको मूल्याङ्कन गरिएको छ ।

## विमर्श र परिणाम

प्रस्तुत अध्ययनमा राजवको 'कार्लो रोसी' कथालाई पाठका रूपमा लिई त्यसका पात्रहरूको क्रियाकलापलाई विश्लेषण गरिएको छ । यस कथाको विषयवस्तु नेपालबाट अमेरिकामा गई स्थापित भएका नेपाली पात्रहरूले राष्ट्रियताको सीमापार गरी प्राप्त गरेको कटु एवम् रोमाञ्चक अनुभव हो । राजवले डायस्पोरिक विषयका रूपमा संस्कारजन्य विरोधाभास, दोहोरो सचेतता, डलरको मुख हेरेर विदेशमा अनिच्छापूर्वक बस्नुपर्दाका भग्न मानसिकता आदि प्रयोग गरेर पनि कथा लेखेका छन् (श्रेष्ठ, २०७०, पृ. २८४) । 'कार्लो रोसी' कथामा घरदेशबाट दिक्दार भएर अमेरिका गई त्यहाँको नागरिकता प्राप्त गरे पनि सङ्कीर्ण चिन्तन छोड्न नसकेका पात्रहरूको चित्रण छ (एटम, २०६८, पृ. ३८) । यो पारराष्ट्रिय चेतना प्रस्तुत गर्ने कथा हो जसमा पात्रहरूको बाह्य संस्कृतिसित अनुकूलन हुँदै गएको तर पुरातन पितृसत्ता पनि जीवन्त रहेको एक प्रकारले नवीन 'सङ्कर पहिचान' (हाइब्रिड आइडेन्टिटी) विकसित भएको देखिन्छ । त्यसैले 'कार्लो रोसी' कथामा प्रयुक्त दुई भिन्न स्थानिकतामा विभाजित पात्रहरूले अनुभूत गरेको चेतनाबारे विमर्श गर्न र त्यसको परिणाम देखाउन यहाँ भौगोलिक भिन्नता, पृथक् परिचयको लक्ष्य र सांस्कृतिक सङ्क्रमणका आधारबाट पात्रहरूको व्यावहारिक र मनोवैज्ञानिक विश्लेषण गरी तिनबाट प्राप्त परिणामलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## भौगोलिक भिन्नता

विश्वव्यापीकरणको समयमा मान्छेको स्थानिक प्रवाह हुँदा तिनले भिन्न स्थानहरूका बिच सम्बन्ध स्थापित गर्छन् । डायस्पोरिक साहित्यमा विभिन्न भौगौलिक सीमाहरु पार गरेर नयाँ स्थानमा आफ्नो समूह बनाएर बसेका पात्रहरूको उपस्थिति रहन्छ । एक देश छोडेर अर्को देशमा प्रवेश गर्ने प्रवासन प्रक्रिया सम्पूर्ण रूपले नौलो, भिन्न र चुनौतीपूर्ण हुन्छ (भट्टराई, २०७२, पृ. १७३) । यस प्रक्रियामा भूगोलको भिन्नता मात्र हुँदैन, त्यससँगै पृथक् काम, जीवनपद्धति, कानुन, सम्पत्ति र सुरक्षाका सन्दर्भहरु पनि जोडिएर आउँछन् । राजवको 'कार्लो रोसी' कथामा आएका पात्रहरु नेपाल र अमेरिका गरी दुई भिन्न भूगोलसित सम्बन्धित छन् जसले तिनको जीवनप्रक्रिया, आकांक्षा र प्राप्तिलाई प्रस्तुत गरेको छ । यसका कार्लो रोसी र 'म' पात्र (इन्द्रजङ्ग) दुवै नेपालको भूमिबाट अमेरिकाको भूमिमा प्रवेश गरी त्यहीँ बसेका व्यक्ति हुन् भन्ने कुरा समाख्याता इन्द्रजङ्गको यस वर्णनबाट पुष्टि हुन्छ :

> काशीनाथ जोशी पनि मझैँ आम नेपालीले प्रयोग गर्ने हत्कण्डा प्रयोग गरेर नै अमेरिका छिरेको र छिरेपछि अन्य तमाम नेपालीझैँ नेपाल फर्किने नाम नलिएर घरको ढलान जमेझैँ अमेरिकामै जमेर बसेको रहेछ । यसको फल उसको हातमा ग्रिनकार्ड हुँदै अमेरिकी नागरिकता नै परेछ । यसको श्रेय पनि पुरेत कुलप्रसाद जोशीलाई नै दिनुपर्छ । किनभने कुलप्रसादले उसलाई त्यत्तिको नबनाइदिएको भए ऊ कार्लो रोसी हुने थिएन । (पृ. ३–४)

कोर्लो रोसीबारेको उपर्युक्त वर्णनबाट नेपालीहरूको अमेरिका जाने महत्त्वाकांक्षा र त्यहाँ उनीहरूले गर्ने क्रियाकलापको सूचना पाइन्छ । एउटा देशको भूगोलबाट अर्को देशमा प्रवेश गरेपछि हुने कामको भिन्नतालाई पनि यसमा देखाइएको छ । काठमाडौँमा पुरेतको काम गर्ने बाबुको छोरो कार्लो रोसीले एमए उत्तीर्ण गरेको छ तर अमेरिका आएर रेस्टुरेन्टमा दासका रूपमा उसले काम गरेको पाइन्छ । धेरैजसो नेपालीको कामको स्तरको जानकारी समाख्याताले यसरी दिएका छन्– "अमेरिका आएपछि कार्लो रोसी पनि मझैँ इन्डियन रेस्टुरेन्टमा हेरक बिहान १० बजेदेखि राति १२ बजेसम्म खुब दलिन थालेछ । सुरूमा अमेरिकी लवज सुन्न अभ्यस्त नहुन्जेल उसले डिसवासरको काम गरेछ । त्यसपछि तन्दुरी रोटी बनाउने काममा खटिएछ" (पृ. ४) । यसबाट कार्लो रोसीको नेपालको पारिवारिक पेसा र उसले अवलम्बन गरेको अमेरिकाको पेसाको भिन्नता पनि प्रस्ट हुन्छ । यसले काममा कुनै भिन्नता हुँदैन भन्ने अमेरिकी मानसिकता नेपाली पात्रहरूले आत्मसात् गरेको देखाउँछ ।

गृहदेशभन्दा भौगोलिक भिन्नतामा स्थापित हुनाले कतिपय पात्रमा गृहविरह (नोस्टोल्जिया) सिर्जना हुन्छ भने कतिपयमा चाहिँ राष्ट्रिय चेतनाले पश्चात्तापको भावना जागृत गराउँछ । आर्थिक र सामाजिक चिन्ताबाट मुक्त भएका कतिपय पात्रले भने राष्ट्रिय चेतनालाई खण्डित गरेर पारराष्ट्रिय परिवेशसँग जोडिन पाउनुलाई नयाँ परिचयको प्रारम्भ ठान्छन् (मुन्रो, सन् २०१५, पृ. ८) । 'कार्लो रोसी' कथामा समाख्याताले पात्रले गरेको राष्ट्रिय चेतनाको परित्याग र भिन्नताको मोहलाई यसरी व्यङ्ग्य गरेका छन्– "कसैले उसलाई 'ए, काशी' भनेर बोलायो भने त्यस्तोसँग ऊ बोल्न पनि तयार हुँदैनथ्यो । यसरी उसले काशीनाथ जोशीलाई काठमाडौँको धोबीखोलामा नुहाउन पठाइदियो

र आफूचाहिँ कार्लो रोसी भएर अमेरिकी सावरमा नुहाउन थाल्यो" (पृ. ८–९) । यसमा आएको 'धोबीखोला' नेपालको काठमाडौँ अर्थात् सानो र कार्लो रोसीका दृष्टिमा तुच्छ क्षेत्रको पहिचान हो भने 'अमेरिकी सावर' अमेरिकाको बृहत् एवम् उसका दृष्टिमा महान् क्षेत्रको पहिचान हो । उपर्युक्त दुवै पहिचानले भिन्न भूगोलको प्रतिनिधित्व गरेका छन् र यस अभिव्यक्तिले कार्लो रोसीमा रहेको परम्परित भौगोलिक सीमाको परित्याग र पारराष्ट्रिय चेतनाको प्रबलता विकसित हुँदै गरेको छ भन्ने तथ्यको पुष्टि गर्छ ।

## पृथक् परिचयको लक्ष्य

राष्ट्रले व्यक्तिलाई एउटा पहिचान दिएको भए पनि पारराष्ट्रियता सिर्जना हुँदा पृथक् पहिचान बनाउने लक्ष्यमा ऊ अघि बढ्छ । राष्ट्रिय परिचयका निम्ति नाम, थर, भौगोलिक स्थानिकता, भाषा, उत्सव, मूल्य एवम् पूर्वज्ञाता आवश्यक पर्छ । पारराष्ट्रियता भन्नु राष्ट्रियताको स्थानान्तरण हो र नयाँ परिचयका रूपमा परदेशको नागरिकताको प्राप्ति पनि हो (भर्टोभेक, सन् १९९२, पृ. ९३) । राजवको 'कार्लो रोसी' कथामा नेपालबाट अमेरिका गएर अमेरिकी नाममा त्यहाँको नागरिकता प्राप्त गर्नुलाई नै पारराष्ट्रिय परिचयको प्रमुख लक्ष्य ठानिएको छ । यसमा आएका पात्रहरू कार्लो रोसीलगायत इन्द्रजङ्ग, चक्रध्वज र थलप्रसाद उपाध्यायले अमेरिकी नागरिकता लिएका वा लिने प्रयास गरेको देखिन्छ । नेपाली नागरिकबाट अमेरिकी नागरिक बन्दा नाममा पनि अमेरिकी परिचय स्थापित गर्नेमा काशीनाथ जोशीले कार्लो रोसी र चक्रध्वजले चार्ली रोज बनाइसकेका छन् भने इन्द्रजङ्गले आफूलाई जोन इरभिङ बनाउने सम्भावना (पृ. ४) रहेको छ भने थलप्रसाद उपाध्यायले चाहिँ नाम परिवर्तन गरेका छैनन् । पारराष्ट्रिय चेतनाको प्रबलता यसको पात्र कार्लो रोसीमा त्यति बेला प्रबल देखिन्छ जति बेला ऊ अमेरिकी नागरिकता लिने फर्म भर्ने क्रममा हुन्छ । त्यसै क्रममा प्रिन्स्टन विश्वविद्यालयको प्राध्यापक थलप्रसाद उपाध्यायलाई घरमा खाना खान बोलाएर आफ्नो नाम परिवर्तन गरी पृथक् परिचयलाई लक्ष्यमा पुऱ्याउन खोज्ने कार्लो रोसीको संवाद यस्तो छ :

> 'के चेन्ज गर्छौ नाम... राम्रै छ तिम्रो यो काशीनाथ नाम...'
> 'हैन... हैन..., चेन्ज गर्ने नै विचार छ दाइ...'
> '...विचार भए पनि यो विचार छोड, तिम्रो यै काशीनाथ नाम राम्रो छ, यै नामले नागरिकता लेऊ, राम्रो हुन्छ...'
> 'हैन दाइ... नागरिकता नै त्याग्ने, देशै त्याग्ने भएपछि नाम पनि किन नत्याग्ने...?'
> 'हेर, नागरिकता त्यागे पनि नाम त्याग्नुहुन्न मुला...'
> '...मलाई यो नाम मन पनि परेको छैन... र मलाई अमेरिकी नाममै नागरिकता लिन मन लागेको छ... त्यस कारण दाइसँग...'
> 'हेर, नाममा मानिसको इतिहास हुन्छ, संस्कृति लुकेको हुन्छ, वंशको यात्रा हुन्छ, धर्म, भूमि र हावापानीको प्रतिनिधित्व हुन्छ...'
> '...तर त्यो जे-जे होस् नाम त म नयाँ नै राख्छु, तपाईं सुझाउनुस् वा नसुझाउनुस्...' (पृ. ६–७)

उपर्युक्त संवादमा थलप्रसाद उपाध्यायले जति सम्झाउँदा पनि कार्लो रोसीले जुनै हालतमा पनि आफ्नो नाम नयाँ राख्न खोजेको स्पष्ट हुन्छ । नाममा व्यक्तिको जन्मभूमिको इतिहास, संस्कृति, वंश, धर्म, भूमि, हावापानीको प्रतिनिधित्व भए पनि कार्लो रोसी ती सबलाई त्यागेर अमेरिकी पृथक् परिचय प्राप्त गरी विशिष्ट बन्ने कुरामा एकाहोरिएको छ । उसको जिद्दीपनको पराकाष्ठा थलप्रसादलाई कार्लो रोसीले "आ-आफ्नू इच्छा हुन्छ दाइ, मेरो इच्छा नाम परिवर्तन गर्ने नै छ... तपाईंले जे भने पनि म नाम त चेन्ज गर्छु-गर्छु" (पृ. ७) भन्नुमा देखिन्छ । अमेरिकी परिचयप्रति उसको मोह कतिसम्म रहेको छ भने पत्नीबाट अमेरिकी सन्तान जन्माएर मात्र उसले आफ्नो जीवन पूर्ण होला भन्ने ठान्न पुग्छ । यस सन्दर्भलाई वर्णन गर्दै कथाका समाख्याताले यसरी भनेका छन् :

> एवम् रितले काशीनाथ जोशी कार्लो रोसी भएर अमेरिकी भएपछि उसलाई आफ्नू अमेरिकी जीवन पूर्ण पार्ने विचार पलाएछ । त्यो विचार पलाउँदा ऊ अमेरिकी आएको तेह्र वर्ष र अमेरिकी नागरिक भएको एक वर्ष भइसकेको थियो । त्यसबिच इन्डियन रेस्टुरेन्टमा पनि डिसवासरदेखि काम गरेको अनुभव र कमाइ लगाएर उसले इन्डियन र नेपाली परिकारका दुई वटा रेस्टुरन्ट खोलिसकेको थियो । त्यस कारण उसलाई अस्तित्वको चिन्ता थिएन । तथापि, उसलाई आफ्नू अमेरिकी जीवनले पूर्णता पाएको अनुभव भने हुन सकेको थिएन । त्यस कारण एउटी कन्या पाए जीवनसँगिनी बनाउने थिएँ र ती कन्याबाट एकाध अमेरिकी सन्तान तुल्याएर आफ्नू जीवन पूर्ण र सार्थक गर्ने थिएँ भन्ने उसको विचार रहेछ । (पृ. ९)

उपर्युक्त कथांशबाट कार्लो रोसीले अमेरिका पुगेर गरेको नागरिकता प्राप्ति र भौतिक प्रगतिको सूची दिएको छ र त्यसै प्रगतिको बलमा आफ्नो अस्तित्व निश्चिन्त स्थापित भएको ठानेको पनि छ तर उसमा अस्तित्वको चिन्ता रहिरहेको पुष्टि हुन्छ किनभने उसले विवाह र सन्तानको चाहना राखेको छ । मनोवैज्ञानिक अल्फ्रेड एडलरका अनुसार मान्छे आफ्नो जीवन उच्च, पूर्ण र सार्थक बनाउनकै लागि बाह्य एवम् आन्तरिक उपलब्धिका निम्ति जीवनभर सक्रिय रहिरहन्छ जसबाट उसले आफ्नो वास्तविक क्षमता अनुभूत गर्छ (राइन र डेसी, सन् २००१, पृ. १४४) । कार्लो रोसीले पनि अमेरिकामा आफ्नो अस्तित्वको पृथक् पहिचानलाई पूर्णता दिन विवाह र सन्तानका लागि अधिकतम प्रयास गरेको देखिन्छ । उसमा देखिने जीवनको सार्थकताप्रतिको यो चिन्तन र सक्रियता उसको पारराष्ट्रिय चेतनाको प्रबल अभिव्यक्ति हो जसले कथाको अन्त्यमा उसैलाई उपहासको पात्र बनाएको छ । आफ्नी विवाहित पत्नी रितु शर्मालाई पार्टीमा परपुरूषसित अँगालो हालेका कारण छोड्ने निर्णयमा पुगेको कार्लो रोसीलाई थलप्रसादले यसरी हप्काएको छ :

> '...तिमी अब काशीनाथ जोशी होइनौ, कार्लो रोसी हौ... त्यस कारण विचार पनि काशीनाथ जोशीको हैन, कार्लो रोसीकै राख...काशीनाथ जोशीकै विचार बोक्ने भए कार्लो रोसी किन भएको... ? काशीनाथ जोशी नै भइराखेको भए हुँदैनथ्यो...?'
>
> तर थलप्रसादको यो कुरो कार्लो रासीले फालेको काशीनाथ जोशीलाई भने औधी चित्त बुझेको रहेछ । (पृ. १२)

उपर्युक्त अभिव्यक्तिबाट के स्पष्ट हुन्छ भने बाह्य रूपमा कार्लो रासीको अमेरिकी नागरिकता र पारराष्ट्रिय पहिचान प्राप्त गरेर निकै फुर्ती देखाए पनि ऊ वास्तविक रूपमा काशीनाथ जोशीकै पुरातन र सङ्कीर्ण लैङ्गिक विचारमा बाँचिरहेको छ । थलप्रसादको कुरो काशीनाथ जोशीलाई औधी चित्त बुझ्नुको कारण उसमा रहेको त्यही पश्चगामी चिन्तन नै हो । अतः आप्रवासीले अवलम्बन गर्ने पृथक् परिचयको लक्ष्य पूरा भए पनि त्यसलाई नयाँ ढङ्गले निर्वाह गरिराख्नु उसका निम्ति निकै जटिल, सङ्कटग्रस्त र कष्टमय हुने देखिन्छ ।

## सांस्कृतिक सङ्क्रमण

सांस्कृतिक सङ्क्रमण (कल्चरल अकल्चरेसन) भनेको कुनै व्यक्ति, समूह वा आप्रवासीहरूले अन्य संस्कृतिको प्रभावका कारण आफ्नो मौलिक संस्कृतिमा गर्ने परिमार्जन हो । यसले नयाँ स्थान र सन्दर्भमा स्थापित हुँदा व्यक्तिको तनाव र द्वन्द्व घटाउन मद्दत गर्छ । बेरी र स्याम (सन् १९९७, पृ. ३१८) का अनुसार यसरी हुने सांस्कृतिक सङ्क्रमणका चार अवस्था हुन्छन् : (१) सम्मिलन (एसिमिलेसन), (२) एकीकरण (इन्टेग्रेसन), र (३) विच्छेदन ंं(सेपरेसन), र (४) किनारीकरण (मार्जिनलाइजेसन) । उपर्युक्त बुँदामध्ये सम्मिलन हुँदा आप्रवासी संस्कृति वर्चस्वशाली संस्कृतिमा पूर्णतः समाहित हुन्छ, एकीकरणका क्रममा घरदेश र परदेशको संस्कृति दुवैको अभ्यास गरिन्छ र विच्छेद हुँदाचाहिँ घरदेशकै सांस्कृतिक अभ्यासमा समूह पृथक् बनेर बस्छ तर किनारीकरण हुँदा समूहले आफ्नो मौलिक संस्कृति छोडे पनि नयाँ स्थानको संस्कृति भने अवलम्बन गर्दैनन् । उपर्युक्त चार अवस्थामध्ये एकीकरण नै सांस्कृतिक सङ्क्रमणको आदर्श परिस्थिति हो किनभने यसमा डायस्पोरिक पात्रहरूले घरदेशको संस्कृति अवलम्बन गर्दै परदेशको संस्कृतिसँग पनि अनुकूलन हुने प्रयास गर्छन् । राजवको 'कार्लो रोसी' कथामा अमेरिकामा रहेको नेपाली डायस्पोरा समुदाय एकीकरणका माध्यमबाट साङ्कृतिक सङ्क्रमणमा अघि बढेको छ । यस कथाको कार्लो रोसी काठमाडौँको काँठमा चल्तीका पुरेत कुलप्रसाद जोशीको छोरो हो र उसमा विद्वान्ले दिएको नाम सही हुन्छ भन्ने नेपाली सांस्कृतिक अभ्यास अमेरिकामा धर्मशास्त्रका अध्यापक थलप्रसाद उपाध्यायसित भेट्दा कायम रहेको देखिन्छ । कथाका समाख्याताको भनाइ यस्तो छ– "थलप्रसाद उपाध्याय प्रिन्स्टन विश्वविद्यालयमा थियोलोजीका प्रोफेसर हुन् । त्यस कारण कार्लो रोसीको विचारमा उनी विद्वान् हुन् । विद्वान्ले दिएको नाम राम्रो हुन्छ" (पृ. ६) । यसमा कार्लो रोसीका बाबु र थलप्रसाद उपाध्याय दुवै धर्मशास्त्रका ज्ञाता रहेको संयोग पनि छ ।

'कार्लो रोसी' कथामा कानजीवी हुनुलाई नेपाली संस्कृतिका रूपमा लिइएको छ । कसैको कुरा सुन्नासाथ त्यस कुरालाई फैलाउने र नमागेको सल्लाह पनि दिनुलाई यसमा कानजीवी संस्कृति भनिएको हो । यस्ता कानजीवीहरूले विवाह गर्ने केटाकेटीलाई गलत सूचना पुऱ्याएर धोका दिन्छन् भन्ने कुरा यसमा नेपालमा पति भएकी महिलालाई कार्लो रोसीसित विवाह गराएको अवस्थाले देखाउँछ (पृ. ९) । अमेरिकामा भएका नेपालीहरू बर्थडे पार्टी मनाउने र त्यसमा मदिराको नसामा

स्त्री–पुरूषहरु कामुकतापूर्ण व्यवहार गर्ने पश्चिमी संस्कृतिमा आफूलाई अनुकूलन गर्दै छन् भन्ने तथ्य यसरी वर्णन गरिएको छ :

> अमेरिका पसेपछि बर्थ–डे पार्टी मनाउन जान्ने भएको एक नेपाली दम्पतीले आयोजना गरेको पार्टी थियो त्यो । पार्टीमा मदिराको उग्रतरङ्ग धेरै बेरसम्म चलेको थियो । त्यस कारण पार्टीका दृश्यहरु मजेदार थिए । किनभने त्यहाँ परस्पर असम्बन्धित स्त्री–पुरूषहरु पनि पार्टी र नसाको मौका छोपेर कामुक मादकतामा अँगालिएका थिए । आ–आफ्ना ब्वायफ्रेन्डसँग आएका विद्यार्थी केटीहरु पनि ओठमा ओठ रगडेर चुम्बनको स्वतन्त्रता लुटिरहेका थिए । (पृ.. ३)

उपर्युक्त कथनमा अमेरिकाको संस्कृतिमा अनुकूलन भइरहेका नेपाली युवायुवतीको क्रियाकलापको चित्रण पाइन्छ तर कार्लो रोसी भने त्यस प्रकारको संस्कृतिमा एकीकृत हुन सकेको पाइन्न । त्यस्तो रोमाञ्चक वातावरणमा पनि कार्लो रोसीको कुनै केटीसाथी नहुनु र आफू एक्लो भएको कुरा समाख्यातालाई भावुक भएर आँखामा आँसु डबडबाउँदै सुनाउनुले कार्लो रोसीमा महिलासित निकट हुन नसक्ने आम नेपालीको सांस्कृतिक पृथक्करणको प्रवृत्ति प्रबल रहेको देखिन्छ । मदिरा पार्टीमा खुल्ला रूपले पिउँदै नसामा निर्धक्क रमाउन सक्ने तर त्यस्ता पार्टीमा आफ्नी पत्नीलाई अरूले अँगालेको र अरूसँग नाचेको हेर्न नसक्ने क्रोधपूर्ण चिन्तन कार्लो रोसीमा रहेको छ । उसकी पत्नीको दृश्ययुक्त यस घटनामा कार्लो रोसीको पुरूषत्व बढेर क्रोधको चरममा पुगेको अवस्था यसरी आएको छ :

> वास्तवमा ऊ कार्लो रोसीले पिउन्जेल चिनेजानेकासँग भलाकुसारी गर्न उसलाई एक्लै छोडेर यताउता लागेकी थिई । र, त्यो पुरुष भेटेकी थिई । त्यसको हात आफ्नी पत्नीको कम्मरमा कस्सिएको दृश्य देखेपछि कार्लो रोसीले त्यतिन्जेल पिइसकेको ह्विस्की, बियर, वाइनको बहुनसा एकाएक उडेको थियो । र, उसको शरीरमा रक्तप्रवाहको गति अति चर्किएको थियो, त्यसमा क्रोध र घृणा ह्वात्तै उम्लन थालेको थियो । त्यस क्षण कार्लो रोसीसँग खल्तीमा पेस्तोल थिएन । नत्र छिमेकी जेफ्री हबले झैँ उसले पनि आफ्नी पत्नीलाई पटापट बाह्र–तेह्र गोली दागेर ढालिदिने थियो । (पृ. ११)

यसमा कार्लो रोसी अमेरिकी संस्कृतिमा अनुकूलन हुन नसकी अतिशय क्रोधित भएको देखिन्छ जसले सांस्कृतिक सङ्क्रमणको प्रक्रिया जटिल हुन्छ भन्ने तथ्य पुष्टि गर्छ । यस प्रक्रियामा काशीनाथ जोशीको पहिचान कार्लो रोसीमा एकीकृत हुन सकेको पाइन्न किनभने काशीनाथ जोशी नेपाली पुरूष वर्चस्वशाली संस्कृतिकै अनुसरण गरिहरेको देखिन्छ भने कार्लो रोसीचाहिँ अमेरिकी संस्कृतिमा समाहित भएर आफूलाई आधुनिक, सभ्य र नेपालीभन्दा भिन्न बनाउन चाहन्छ । अतः पार्टीको घटनापछि पत्नीलाई घरमा पस्न नदिएर कार्लो रोसीले आफ्नो पश्चगामी सास्कृतिक चरित्र देखाएको छ । यसले के स्पष्ट पार्छ भने वासस्थान, नागरिकता र नाम परिवर्तन गर्दैमा मानसिकतामा रहेको पुरातन सांस्कृतिक परिवेश रूपान्तरण हुँदैन । यही कुरा कथित आधुनिक

अमेरिकी नागरिक बनेको कार्लो रोसीलाई थलप्रसाद उपाध्यायले यस कथाको अन्त्यमा सम्झाएको पनि छ, जसलाई स्वीकार गरेर पुरातन नेपाली सांस्कृतिक पहिचानप्रति व्यङ्ग्य गर्दै "कार्लो रोसी चिच्याउँछ : 'यु डर्टी, ब्याकवार्ड काशीनाथ जोशी...'" (पृ. १२) भन्ने अभिव्यक्ति आएको छ । यो अभिव्यक्ति काशीनाथ जोशीको दोहोरो सांस्कृतिक परिचयको दृष्टान्त हो किनभने यसमा नेपाली र अमेरिकी दुई संस्कृतिको द्वन्द्व देखिन्छ । यसले गर्दा भविष्यमा उसलाई सांस्कृतिक दृष्टिले जराहीन (रूटलेस) बनाउन सक्ने सम्भावना पनि रहेको छ । त्यसो भए पनि एकीकरणमा आधारित यस प्रकारको सांस्कृतिक सङ्क्रमणले गर्दा पात्रमा पारराष्ट्रिय चेतनाको प्रबल कृतिका रूपमा भने 'कार्लो रोसी' कथा स्थापित भएको छ ।

## निष्कर्ष

पारराष्ट्रिय चेतनाले सीमापार गएका समुदायमा जीवनको विगत र आगतसँगको सम्बन्धबारे हुने चिन्तनपद्धतिमा विमर्श गरेको हुन्छ । राजवको 'कार्लो रोसी' कथामा आएका पात्रहरूले नेपालको राष्ट्रिय सीमा पार गरी आप्रवासनको अवसर, भिन्न परिचय र सांस्कृतिक अन्तरक्रियाको खोजी गरेका हुनाले यसमा पारराष्ट्रिय चेतनाको अभिव्यक्तिका पर्याप्त आधारहरु पाइएका छन् । यस नेपाल र अमेरिकाको भौगोलिक भिन्नताका कारण कथाका पात्रहरु पारराष्ट्रिय अनुभूतिको गहनतामा पुगेका छन् किनभने त्यसमा जीवनप्रक्रिया, आकाङ्क्षा र प्राप्तिको नवीन स्तरले उनीहरूलाई स्थानिक आधारमा पृथक् बनाएको छ । त्यस स्थितिमा पात्रहरूको पहिचान र अन्तरक्रियाको मात्रा फरक परेको छ र कानुनी, आर्थिक, राजनीतिक, नागरिक सबै दृष्टिले उनीहरूको चिन्तन नयाँ परिचयतिर आकर्षित भएको छ । नाम, नागरिकता, पेसा आदिको परिवर्तनले पात्रहरूलाई अवसर र रोमाञ्चको प्राप्तिका साथसाथै तिनमा अनुकूलनको सङ्कट र आन्तरिक भयको सिर्जना गरेको देखिन्छ । पारराष्ट्रिय चेतनाको सबैभन्दा महत्त्वपूर्ण समस्या सांस्कृतिक सङ्क्रमणमा एकीकरणको अवलम्बन गर्न प्रयास गरे तापनि यस कथाका पात्रहरु मूल्यगत दृष्टिले चरम द्वन्द्व र विरोधाभासमा परेका पाइन्छन् । यसले गर्दा कथाको प्रमुख पात्र कार्लो रोसी सांस्कृतिक रूपमा जराहीन बन्न पुगी त्यसको प्रताडना खप्न बाध्य भएको छ । अतः 'कार्लो रोसी' कथामा आप्रवासी बनेका पात्रहरूको चिन्तन र व्यवहारमा रहेको भूगोलको भिन्नता, पृथक् परिचयको लक्ष्य र सांस्कृतिक सङ्क्रमणका कारण सिर्जित जटिलता, सङ्कट र कष्टमय जीवनपद्धतिका कारण उनीहरूको पारराष्ट्रिय चेतनाका विविध आयामलाई कलात्मक रूपमा उद्घाटन गर्न कथाकार राजव सफल भएका छन् । पात्रको यो चेतना बाह्य रूपमा जति सहज र रोमाञ्चकारी रहे पनि आन्तरिक रूपमा त्यत्तिकै अवसादमय र आत्मघाती रहेको निष्कर्ष कार्लो रोसीले कथाको अन्त्यमा अभिव्यक्त गरेको परिचयको विपर्यासयुक्त पश्चातापबोधले पनि पुष्टि गरेको छ ।

## सन्दर्भ सामग्रीसूची


एटम, नेत्र (२०६८). नेपाली डायस्पोरिक लेखन र आख्यान. *समकालीन साहित्य,* ६६. पृ. २८–४५ ।

एटम, नेत्र (२०७०). *नेपाली डायस्पोराका नारी कथाकार र कथा*: नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा* : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ढकाल, रजनी (२०६८). कार्लो रोसी कथामा डायस्पोरा. *प्रज्ञा,* १०५. पृ. ५६–६३ ।

भट्टराई, गोविन्दराज (२०७२). *डायस्पोरा : सिद्धान्त र समालोचना* : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

राजव (२०६५). *क्यापिटल हिल* : अर्किड बुक्स ।

राजव (२०७७ कात्तिक २९). अमेरिकामा पनि शोषित-उत्पीडितकै कथा लेख्छु. निर्भीकजङ्ग रायमाझीले राजवसँग लिएको अन्तरवार्ता. *अनलाइन खबर.* वेब. https://www.onlinekhabar.com/2020/11/909363.

Berry, John W. & Sam, David (1997). Acculturation and adoptation. *Handbook of cross-cultural psychology: Social behavior and applications* vol. 3 (eds.). John W. Berry, P.R. Dasen, & C. Kagitcibasi. Massachusetts: Allyn & Bacon, pp. 291–326.

Dirlik, Arif (2002). Literautre/identity: transnationalism, Narrative and representation. *The review of education, pedagogy, and cultural studies*, 24. pp.209–234.

Joshi, Arun R., Pradhan, Vibhav & Shrestha, Ruzel (2024). *Nepali migrant dreams in the American landscape: An exploration of the Nepali diaspora in the United States*. Research Launch. Kathmamdu: IIDS.

Munro, Gayle (2015). Transnationalism: A review of the literature. *Studies on national movements*, 3. pp. 1–36.

Portes, Alejandro, Guarnizo, Luis E., & Landolt, Patricia (1999). The study of transnationalism: Pitfalls and promise of an emergent research field. *Ethnic and Racial Studies*, *22*(2). pp. 217–237.

Ryan, Richard M., & Deci, Edward L. (2001). On happiness and human potentials: A review of research on hedonic and eudaimonic well-being. *Annual Review of Psychology*, 52. pp. 141-166.

Schiller, Nina Glick, Basch, Linda, & Blanc-Szanton, Cristina (1992). Transnationalism: A new analytic framework for understanding migration. *Annals of the New York Academy of Sciences*, *645*(1). pp. 1–24.

Tedeschi, Miriam, Vorobeva, Ekaterina & Jauhiainen, Jussi S. (2022). Transnationalism: current debates and new perspectives. *GeoJournal*, 87. pp. 603-619.

Vertovec, Steven (2009). *Transnationalism*. London: Routledge.

Westwood, Sallie, & Phizacklea, Annie (2000). *Trans-nationalism and the politics of belonging*. New York: Psychology Press.